राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ चैत ३० गते

**सार्क राष्ट्रमा हुने महिला, बालिका हिंसा रोकथाममा मानव अधिकार आयोगहरूको भूमिका बिषयक कार्यशाला शुरु**

राष्ट्रिय मानव अधिकार आयोग र एसिया प्रशान्त क्षेत्रीय मानव अधिकार मञ्चको सयुक्त आयोजनामा महिला तथा बालिकाको अधिकार सम्बन्धी दक्षिण एसियाली मानव अधिकार राष्ट्रिय संस्थाहरुको कार्यशाला आजदेखि काठमाण्डौमा शुरु भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले उक्त कार्यशालाको उदघाट्न गर्नुभयो । उद्घाटनको क्रममा अध्यक्ष शर्माले दक्षिण एसियाली मानव अधिकार आयोगहरु बीच महिला तथा बालिकाको अधिकार रक्षार्थ एक सञ्जालको आवश्यकता औल्याउँदै दक्षिण एशियाली मुलुकहरुमा  समान किसिमको समस्या र चुनौती रहेकाले सबै मानव अधिकार आयोगहरुलाई एकरुपताका साथ कार्य गर्न आव्हान गर्नुभयो ।

कार्यशालामा मन्तब्य राख्दै आयोगकी सदस्य मोहना अन्सारीले महिला हिंसा, मानव बेचबिखन, महिला माथिको विभेद र असमानता महिला अधिकारका मुख्य बाधक भएकाले यसलाई चिर्दै संरक्षण सहितको कानुनी र नीतिगत ब्यवस्था गर्नु अपरिहार्य हुने कुरा उल्लेख गर्नुभयो ।

कार्यशालामा एसिया प्रशान्त क्षेत्रीय मानव अधिकार मञ्चकी उप-निर्देशक पीप डार्गेनले आयोगले मञ्चको सदस्यको रुपमा खेलेको भूमिकाको प्रशंसा गर्दै कार्यशालामा महिला प्रजनन् अधिकार, महिला हिंसा र महिला अधिकारको क्षेत्रमा दक्षिण एसियाली मुलुकहरुको अवस्थाको बारेमा चर्चा गर्दै सहभागीहरुले सम्बन्धित मानव अधिकार संस्थाको निम्ति योजना बनाउने कुरा उल्लेख गर्नुभयो ।

कार्यशाला यहि चैत्र ३० गतेदेखि बैशाख ४ गतेसम्म चल्नेछ । उक्त कार्यशालामा भारत, बगंलादेश, श्रीलकां, नेपाल, माल्दिप्स र अफगानिस्तान गरी ६ राष्ट्रको राष्ट्रिय मानव अधिकार आयोगका २७ जना प्रतिनिधिहरूको सहभागिता रहेको छ । कार्यशालामा आयोगका सदस्य मोहना अन्सारी तथा राष्ट्रिय मानव अधिकार आयोग अष्ट्रेलिया र एसिया प्रशान्त क्षेत्रीय मानव अधिकार मञ्चका प्रतिनिधिहरुले महिला अधिकारका बिषयमा कार्यपत्रहरु प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१६, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010016, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org,  website www.nhrcnepal.org